# सिद्धिचरण नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा
## कोशी प्रदेश, नेपाल

**औषधी खरिद सम्बन्धि विधुतिय बोलपत्र आव्हानको सूचना**
(प्रथम पटक प्रकाशित मिति: २०८२०७०२), सुचना नं १८

यस कार्यालयको चालु आ.व.०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुबाट निशुल्क रुपमा वितरण गरिने औषधीहरु विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम बिद्युतीय बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक ओखलढुङ्गा शाखा स्थित आन्तरिक राजश्व खाता नं.२०७०१००३०१०१०००३ मा रु.३०००।- (तिन हजार पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।

२. बोलपत्र खरिद कर्ताले कम्पनी/फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थपको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

३. बोलपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र खोल्न तय भएको मिति भन्दा कम्तीमा १२० दिन बढी हुनु पर्नेछ ।

४. बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजायँ नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

५. बोलपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरिएको मितिको तपशिलको मिति भित्र बिद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बिद्युतीय बोलपत्रहरु सोही दिनको १४.०० बजेदेखि (बोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा)( प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ ।

७. बोलपत्र बिद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र बिद्युतीय बोलपत्र पेश गर्न सकिनेछ ।

८. औषधीहरु खरिद गर्दा WHO/GMP Certify Company बाट उत्पादित औषधि मात्र आपूर्ती गर्नुपर्नें छ ।

९. आपूर्ति हुने औषधीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १८ महिना बाँकी हुनु पर्नेछ । तर, कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कूल Expiry Date को ९० प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको प्रत्येक Strip/Lebeling / Packeting को बाहिर उत्पादन मिति, Expiry Date, Batch No., उत्पादक कम्पनीको नाम र "नेपाल सरकारद्वारा निशुल्क बितरणको लागि" भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्नेछ ।

११. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतल र ट्यूबमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दी हुनुपर्नेछ ।

१२. कार्यालय सम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

१५. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं.९८५२८४०९०९ मा सम्पर्क राख्न सकिनेछ ।

### तपसिल

| सि.नं | ठेक्का संकेत नं. | बिवरण | जमानत रकम रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | Goods/NCB/02/082/83 | औषधी खरिद | १,२५,०००।- | २०८२/०८/०२, १२:०० बजे | |

सरोज थापा
अधिकृतस्तर आठौं